# पूर्वीचौकी गाउँपालिकाको आर्थिक ऐन, २०७४

## पूर्वीचौकी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :** पूर्वीचौकी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम पूर्वीचौकी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" हुनेछ ।

(२) यो ऐन पूर्वीचौकी गाउँपालिका क्षेत्रमा तुरुन्त प्रारम्भ हुनेछ ।

**२. सम्पति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

**६. विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**७. पार्किङ्ग शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**८. सेवा शुल्क तथा सिफारिस दस्तुर :** गाउँपालिकाको निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**९. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

CamScanner

## अनुसूची १
(दफा २ संग सम्बन्धित)

### सम्पति कर

एकिकृत सम्पत्ति करको हकमा गाउंकार्यपालिकावाट हुने ऐन नियम बमोजिम हुनेछ ।

## अनुसूची २
(दफा ३ संग सम्बन्धित)

### भूमि कर (मालपोत)

यस गाउँपालिकामा भुमि (मालपोत) कर निम्न बमोजिम हूनेछ ।

| | | |
|---|---|---|
| २.१ | प्रति रोपनी एकमुष्ट | ५ का दरले ( रु) |

## अनुसूची ३
(दफौ ४ संग सम्बन्धित)

### घरवहाल कर

| क.सं. | व्यवसायको विवरण | चालु आ.व. २०७४/०७५ को करको श्रेणी (रु) |
|---|---|---|
| १ | **एकीकृत सम्पति कर घर जग्गा कर** | |
| १.१ | कच्ची घर सबैमा | ५० |
| १.२ | **पक्की घर** | |
| १.२.१ | १ तले घर | १०० |
| १.२.२ | २ तले घर | २०० |
| १.२.३ | ३ तले घर | ३०० |

## अनुसूची४
(दफा ५ संग सम्बन्धित)

### व्यवसाय कर

व्यवसायकर निम्न अनुसार लिईनेछ ।

| | | |
|---|---|---|
| ४ | **व्यवसाय कर** | |
| ४.१ | **पर्यटन उद्योग** | |
| ४.१.१ | साधारण होटल र लज | ५०० |
| ४.१.२ | रेष्टुरेण्ट म:म, सेकुवा | ५०० |
| ४.२ | **व्यापारिक वस्तु** | |
| ४.२.१ | खाद्यन्न किराना पसल डिलर र खुद्रा | ५०० |
| ४.२.२ | कपडा पसल थोक तथा खुद्रा | ५०० |
| ४.२.३ | पेट्रोल पम्प | ५००० |
| ४.२.४ | विद्युत सामान तथा विद्युतीय सामग्री टि.भी. , घडी, रेडियो विक्री | ५०० |
| ४.२.५ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साइकल, टेम्पो, साइकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १००० |
| ४.२.६ | निर्माण सामग्री | ५०० |
| ४.२.७ | सुनचादी पसल | ५०० |
| ४.२.८ | फेन्सी पसल | ५०० |
| ४.२.९ | उनी धागो पसल | १०० |
| ४.२.१० | जुत्ता चप्पल पसल | २०० |

| | | |
|---|---|---|
| ४.२.११ | सपिगं सेन्टर | ३०० |
| **४.३** | **अन्य सेवा** | |
| ४.३.१ | विविध श्रृंगार पसल थोक खुद्रा | २०० |
| ४.३.२ | फर्निचर पसल | ५०० |
| ४.३.३ | भाडा र गिफट पसल थोक खुद्रा | २०० |
| ४.३.४ | केवुल, नेटवर्किगं | २०० |
| ४.३.५ | पुस्तक तथा पत्रिका पसल | ५०० |
| ४.३.६ | नर्सरी तथा फलफलका विरुवा विक्रिवितरण | ५० |
| ४.३.७ | तरकारी पसल | ५० |
| ४.३.८ | वीज भण्डार | ५० |
| ४.३.९ | मासु पसल | ५०० |
| ४.३.१० | कपडा सिलाई | १५० |
| ४.३.११ | हेयर कटिगं | १०० |
| ४.३.१२ | आर्ट | १०० |
| ४.३.१३ | फोटो स्टुडियो | २०० |
| ४.३.१४ | रंगरोगन | १०० |
| ४.३.१५ | चश्मा पसल | १०० |
| **४.४** | **मर्मत सम्भार** | |
| ४.४.१ | रेडियो, टि.भी.,घडी, प्रेसर कुकर, हिटर, टेलिफोन सेट, पंखा,स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | १०० |
| **४.५** | **कृषि तथा वनजन्य उद्योग** | |
| ४.५.१ | कृषि वा वन पैदावरमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदि | ३०००। |
| ४.५.२ | कृषि तथा जडीबुटी निकासी | २००० |
| **४.६** | **उर्जामूलक उद्योग** | |
| ४.६.१ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १५० |
| **४.७** | **उत्पादन मूलक उद्योग** | |
| ४.७.१ | पाउरोटी भण्डार | ५०० |
| ४.७.२ | मिल | ५०० |
| **४.८** | **वितिय सेवा** | |
| ४.८.१ | वित्तिय संस्था र सहकारी संस्था | १०० |
| ४.८.२ | रेमिटेन्स सेवा | १०० |
| **४.९** | **स्वास्थ्य सेवा** | |
| ४.९.१ | निजी तथा गैरसरकारी अस्पातल | १०० |
| ४.९.२ | क्लिनिक तथा ल्याव | ५०० |
| ४.९.३ | डेन्टल ल्याब वा क्लिनिक | ५०० |
| **४.१०** | **निर्माण व्यवसायी गाउपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमाक क,ख,ग,घ** | **१०००,८००,७००, ५००** |
| **४.११** | **संचार सेवा** | |
| ४.११.१ | निजी क्षेत्रका कूरियर, फ्याक्स, इमेल, इन्टरनेट, र टेलिफोन | १०० |
| **४.१२** | **विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| ४.१२.१ | चिकित्सक विशेषज्ञ स्वा. सहायक, कविराज | ५०० |

| | | |
|---|---|---|
| ४.१२.२ | ल फर्म | ५०० |
| ४.१२.३ | कन्सल्टेन्सी फर्म इन्जीनियर र ओभरसियर | ५०० |
| ४.१२.४ | अडिटर फर्म | ५०० |
| **४.१३** | **अन्य व्यवसाय** | |
| ४.१३.१ | कवाडी सामानको थोक विकेता | १००००/- |
| **४.१४** | **सामान्य उद्योग** | |
| ४.१४.१ | कटिगं ढुगां उद्योग | ५००/- |
| ४.१४.२ | ग्रिल उद्योग | १०००/- |
| ४.१४.३ | अन्य उद्योग | ५००/- |
| **४.१५** | **काठ ढुवानी कर** | |
| ४.१५.१ | खयर वा सो सरहको काठ | |
| क | ट्रक | ५०००/- |
| ख | ट्र्याक्टर | २०००/- |
| ४.१५.२ | कुकाठ वा सो सरहको काठ | |
| क | ट्रक | ३०००/- |
| ख | ट्र्याक्टर | १५००/- |
| **४.१६** | **बहाल बिटोरी शुल्क** | |
| ४.१६.१ | हाट बजार | ५००/- |
| **४.१७** | **सवारी पार्किङ्ग शुल्क** | |
| ४.१७.१ | ठुला सवारी साधन प्रति घण्टा | १०/- |
| ४.१७.२ | साना सवारी साधन प्रति घण्टा | ५/- |
| **४.१८** | **प्राकृतिक साधन उपयोग कर** | |
| ४.१८.१ | गिटि ढुंगा प्रति हेभी ट्रक | ३००/- |
| ४.१८.२ | गिटि ढुंगा प्रती मिनि ट्रक | २००/- |
| ४.१८.३ | गिटि ढुगाँ प्रति ट्र्याक्टर | १००/- |
| ४.१८.४ | वालुवा प्रति ट्रक | ३००/- |
| ४.१८.५ | छपनी सादा ढुँगा प्रति ट्र्याक्टर | १००/- |
| ४.१८.६ | कालिमाटी र रातो माटो ट्रक | ३००/- |
| ४.१८.७ | कालिमाटी र रातो माटो ट्र्याक्टर | २००/- |
| ४.१८.८ | कालिमाटी र रातो माटो पावर टिलर | १००/- |
| **४.१९** | **पटके व्यवसाय कर** | |
| ४.१९.१ | फेन्सी र खुद्रा सामान गाडीद्वारा घूमाएर बेच्नेहरुका लागि प्रतिपटक | १००/- |
| ४.१९.२ | खाद्यन्न सामान गाडीद्धारा घुमाएर बेच्नेहरुका लागि प्रति पटक | १००/- |
| ४.१९.३ | आलु र तरकारी गाडीद्धारा घुमाएर बेच्नेहरुका लागि प्रति पटक | ५०/- |
| ४.१९.४ | पोका वा झोलामा सामान राखी मोटर साइकल वा मानिस आफैले बेच्ने प्रति पटक( चना, चटपट, पानीपुरीसमेत) | २०/- |
| ४.१९.५ | रागाँ, भैसी बंगुर प्रतिगोटा | ३००/- |
| ४.१९.६ | खसी, बोका प्रति गोटा | १००/- |
| ४.१९.७ | हास, कुखुरा र अन्य पंक्षी प्रति गोटा | २०/- |
| ४.१९.८ | पोल्टी फर्म संचालन | ५००/- |

हिराराज बोगटी
अध्यक्ष

नोट :
१. म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवशायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवशायकर असुल गरिनेछ ।

## अनुसूची ५
(दफा ६ संग सम्बन्धित)
### विज्ञापन कर

| ५ | विज्ञापन दर | |
|---|---|---|
| | | (रु) |
| ५.१ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | २०००।- |
| ५.२ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट सम्म | १०००।- |

## अनुसूची ६
(दफा ७ संग सम्बन्धित)
### पार्किङ्ग शूल्क

पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

| ६ | सवारी पार्किङ्ग शुल्क | (रु) |
|---|---|---|
| ६.१ | ठुला सवारी साधन प्रति घण्टा | १०।- |
| ६.२ | साना सवारी साधन प्रति घण्टा | ५।- |

## अनुसूची७
(दफा ८ संग सम्बन्धित)
### सेवा शुल्क तथा सिफारिस दस्तूर

गाउपालिकावाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| क.सं | विवरण | आ.व. ०७४।०७५ का लागि तोकिएको सेवा शुल्क तथा सिफारिस दस्तुर (रु) |
|---|---|---|
| १ | घर जग्गा नामसारी | ५००।- |
| २ | मोही लागत कट्टा | १०००।- |
| ३ | घर कायम सिफारिस | ५००।- |
| ४ | छात्रवृत्ति सिफारिस | नलाग्ने |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | नलाग्ने |
| ६ | अपाँग सिफारिस | नलाग्ने |
| ७ | अस्थायी बसोबास सिफारिश | १०००।- |

| | | |
|---|---|---|
| ८ | स्थायी बसोबास सिफारिश | ५००।- |
| ९ | नागरिकता सिफारिस | १००।- |
| १० | अगींकृत नागरिकता सिफारिस | ५०००।- |
| ११ | आर्थिक अवस्था कमजोर सिफारिश | नलाग्ने |
| १२ | आर्थिक अवस्था सम्बन्धी सिफारिश बलियो | १०००।- |
| १३ | विद्युत जडान सिफारिश (नक्शा पास भएको) | १००।- |
| १४ | विद्युत जडान सिफारिस (नक्शा घरको पास नभएको) | १५०।- |
| १५ | धारा जडान सिफारिश (नक्शा पास भएको ) | १००।- |
| १६ | धारा जडान सिफारिश (नक्शा पास नभएको) | १५०।- |
| १७ | जिवित रहेको सिफारिश | २००।- |
| १८ | जन्म मिति संसोधन सिफारिश | १००।- |
| १९ | जग्गा मूल्यांकन सिफारिश/प्रमाणित प्रति लाख | ५००।- |
| २० | व्यवसाय बन्द सिफारिश | ५००।- |
| २१ | व्यवसाय सञ्चालन नभएको सिफारिश | २००।- |
| २२ | अदालत शुल्क मिनाहा सिफारिश | नलाग्ने |
| २३ | नावालक सम्बन्धी सिफारिश | ५०।- |
| २४ | चौपाया ओसार पसार सम्बन्धी सिफारिश | १०[illegible] |
| २५ | व्यवसाय दर्ता सर्जमिन सिफारिश | १००।- |
| २६ | उद्योग ठाउसारी सिफारीस | १००।- |
| २७ | विद्यालय ठाउसारी सिफारिश (निजी) | ५०००।- |
| २८ | आन्तरीक बसाईसराई सिफारिश | २००।- |
| २९ | विद्यालय कक्षा वृद्धि, सिफारिश(निजी) | २०००।- |
| ३० | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिश/अनुमति(निजी) | २०००।- |
| ३१ | व्यक्तिगत विवरण सिफारिश | १००।- |
| ३२ | जग्गा दर्ता सिफारिस | १०००।- |
| ३३ | संरक्षक सिफारिस (व्यक्तिगत) | नलाग्ने |
| ३४ | सरकारको नाममा बाटो कायम सिफारिश | ५००।- |
| ३५ | नाता प्रमाणित | १००।- |
| ३६ | नाता प्रमाणित सर्जमिन गर्नूपर्नेको हकमा | २००।- |
| ३७ | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | ५००।- |
| ३८ | नि:शुल्क स्वास्थ्य उपचार सिफारिश | नलाग्ने |
| ३९ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने | नलाग्ने |
| ४० | अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा | २०००।- |
| ४१ | संस्था दर्ता सिफारिश (नाफामुखी) | १०००।- |
| ४२ | संस्था नवीकरण | ५००।- |
| ४३ | संस्था दर्ता सिफारिश (गैह्र नाफामुखी ) | ५००।- |
| ४४ | संस्था नवीकरण (गैह्र नाफामुखी ) | २००।- |
| ४५ | NGO/INGO को दर्ता | २०००/ ५०००।- |

| | | |
|---|---|---|
| ४६ | NGO/INGO नवीकरण | १०००/ २०००।- |
| ४७ | घर बाटो प्रमाणित,(मूल सडक अन्तर्गत) | ५००।- |
| ४८ | चार किल्ला प्रमाणित | १५००।- |
| ४९ | जन्म मिति प्रमाणित | १००।- |
| ५० | विवाह प्रमाणित | १००।- |
| ५१ | फरक-फरक नाम, थर प्रमाणित/सिफारिश | १००।- |
| ५२ | फरक-फरक जन्म मिति प्रमाणित/सिफारिश | १००।- |
| ५३ | कागज/मञ्जुरीनामा प्रमाणित | १००।- |
| ५४ | हकदार प्रमाणित | २००।- |
| ५५ | अविवाहित प्रमाणित | १००।- |
| ५६ | जग्गा धनी पूर्जा हराएको सिफारिश | १००।- |
| ५७ | मिलापत्र कागज गराउने | ५००(दुवै पक्षबाट ५०० का दरले जम्मा रु. १०००।-) |
| ५८ | जन्म/मृत्यु/बसाईसराई/सम्बन्धविच्छेद दर्ता | १००।- (३५ दिनभित्र निशुल्क) |
| ५९ | प्रमाणिकरण (भेरिफीकेशन) | १००।- |
| ६० | बन्द कोठा खोल्ने रोहवरमा | १००।- |
| ६१ | नयाँ मदिरा सिफारिश डिलर | १५०००।- |
| ६२ | नयाँ मदिरा सिफारिश (फुटकर) | १००००।- |
| ६३ | मदिरा नवीकरण (डिलर) | ५०००।- |
| ६४ | मदिरा नवीकरण (फुटकर) | ३०००।- |

ट : १) योजनाहरू, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठनागरिक भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन संग नबाझिने गरि कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

CamScanner